नेपाल सरकार
गृह मन्त्रालय

केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३ आषाढ २८ गतेको बैंठकको निर्णयहरु

**एजेण्डा:-** १ मनसुनको समयमा भएको प्रतिकार्यको समिक्षा

**निर्णय:-**

क. मनसुनको समयमा भएको विपद् प्रतिकार्यको समिक्षा गरियो। आगामि दिनमा बाढी-पहिरो र चट्याङको घटनाबाट हुनजाने क्षतिलाइ न्यूनीकरण गर्न तयार गरिएको मनसुन पूर्व तयारी कार्ययोजना कार्यान्वयन गर्न सबै मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायहरुले आ-आफ्ना मातहतका निकायहरुलाई निर्देशन दिने र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लास्थित सबै सरकारी निकाय, गैरसरकारी संस्था, समेतलाई परिचालन गरी जोखिम न्यूनीकरणका लागि अग्रसर रहने ।

ख. वाढी र पहिरो जस्ता विपद्हरुले अत्यावश्यक वस्तु तथा सेवामा (Life Line) आउनसक्ने रुकावटलाई मध्यनजर गरी Life Line सेवाहरु सुचारु गर्न सबै निकायहरुले कार्ययोजना बनाइ तदारुकताका साथ कार्यान्वयन गर्ने । साथै क्षतिग्रस्त क्षेत्र र भौतिक पूर्वाधारको पुनःनिर्माण तथा सेवा सुचारुका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा मन्त्रालय, शहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, शिक्षा मन्त्रालय र कृषि विकास मन्त्रालयले स्थलगत निरिक्षण गरी आ-आफ्नो विषयगत क्षेत्रको विस्तृत डिजाइन र लागत अनुमान सहित योजना र कार्यक्रम तर्जुमा गर्ने। सो योजनालाई आवश्यक प्रकृया पुरा गरी कार्यान्वयन गर्ने गराउने।

ग. बाढीपहिरोबाट हुनसक्ने मानविय क्षतिलाई न्यूनीकरण गरी उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सुर्खेतमा नेपाली सेनाले हेलिकप्टर तयारी अवस्थामा राख्ने।

घ. मनसुन पुर्व तयारी प्रतिकार्य योजना तयार गर्न बाँकी मन्त्रालय तथा निकायहरुले योजना तत्काल बनाई कार्यान्वयन गर्ने र कार्य योजना कार्यान्वयनको प्रगति विवरण प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयमा पठाउने।

**एजेण्डा:-** २ वाँके वर्दिया, सुर्खेत, दाङ्ग, सिन्धुपाल्चोक लगायत जिल्लामा भएका वाढी पहिरो पीडितको पुर्स्थापना सम्वन्धि कार्ययोजनामा शहरी विकास मन्त्रालयवाट भएका कामको समिक्षा

**निर्णय:-**

२०७१ श्रावण महिनामा आएको बाढी/पहिरो तथा डुवानका कारण वाँके, वर्दिया, सुर्खेत, दाङ्ग, सिन्धुपाल्चोक लगायत जिल्लामा भएका वाढी पहिरो पिडितको पुर्स्थापना सम्वन्धि कार्ययोजनामा शहरी विकास मन्त्रालयवाट भएको कामको समिक्षा गरियो । उक्त सन्दर्भमा हालसम्म पनि पीडितहरुलाई पुनस्थापना गर्न नसकिएको हुँदा सो कार्ययोजना बमोजिम तोकिएका निकायहरुबाट तोकिए बमोजिमका कार्यहरु सम्पादन गर्न निर्देशन दिने । आगामी आर्थिक वर्ष (२०७३/०७४) सुरुमै पूर्व निर्णय बमोजिम सहरी विकास मन्त्रालयलगायतका निकायहरुले रकमको माग गर्ने । अर्थ मन्त्रालयले तत्काल निकाशा दिने ।

**एजेण्डा:- ३ पूर्वचेतावनी प्रणालीको समिक्षा**

**निर्णय:-**

जल तथा मौसम विज्ञान विभागबाट विपद् पूर्व तयारीका लागि विभिन्न स्थानमा संचालनमा ल्याइएको मौसम पुर्वानुमान र पूर्व चेतावनी प्रणालीको बारेमा समिक्षा गरियो । सो प्रणालीको बारेमा जनचेतना अभिबृद्धि गरी जोखिम न्यूनीकरणमा प्रभावकारिता हासिल गर्न जल तथा मौसम विज्ञान विभागले प्राप्त सूचनाहरुलाई तत्काल सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था मिलाउने र प्राप्त सूचनालाई स्थानीय प्रशासनले प्रचार प्रसार गर्ने ।

**एजेण्डा:- ४ विविध**

**निर्णय:-**

क. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकमा पदेन सदस्यहरु स्वयम उपस्थित हुनुपर्नेमा अनुपस्थित हुने गरेको पाइएकोले आगामि बैठकहरुमा पदेन सदस्यहरु उपस्थित हुने व्यवस्था मिलाउने ।

ख. केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा रहेको कोषबाट चालु आ.ब. (२०७२/०७३) को मिति २०७३/०१/०३ देखि २०७३/०३/२७ सम्म भएको देहाय बमोजिमको खर्च रु १०,१०,७२,६६६.५० (दश करोड दश लाख बहत्तर हजार छ सय छैसठ्ठी पैसा पचास) समर्थन गर्ने।

| | |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्धार कोषमा निकाशा | रु ७,२८,८४,७५०।- |
| बैंक कमिशन खर्च | रु १,१४,८६०।- |
| भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल | रु ५०,०००।- |
| हेलिकप्टर भाडा विल भुक्तानि (नेपाली सेना भिभिआईपि) | रु ४,०३,७६३.८४।- |
| हेलिकप्टर भाडा विल भुक्तानि (नेपाली सेना मध्य एयस वेश) | रु ७,१६,१३८.६६।- |
| आपूर्ति मन्त्रालयलाई निकाशा | रु २,६७,८०,९५४।- |
| तलब पारिश्रमिक | रु १,२२,२००।- |
| जम्मा | रु१०,१०,७२,६६६.५०।- |

नेपाल सरकार
गृह मन्त्रालय